Email: dfopyuthan2075@gmail.com
Phone No. ९८५७८६६०६६

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, प्यूठान

## सवारी साधन भाडामा लिने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/११/११

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम तथा यस कार्यालयको निर्णय अनुसार वन डढेलो नियन्त्रण कार्यक्रम अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्यमा खटिने सरोकारवालीहरूलाई परिचालन एवं जनचेतनामूलक प्रचारप्रसार र अन्य व्यवस्थापकीय कार्यका लागि जिप (डबल क्याब पिकअप) सवारी साधन (चालक सहित) भाडामा लीन आवश्यक परेकोले इच्छुक ट्राभल्स तथा सवारी धनीहरूले यो सूचना प्रकाशन भएको मिति देखि २०८२/११/२५ गतेभित्र निम्न सर्तहरू अधीनमा रही ईन्धन बाहेक मासिक रूपमा सवारी साधन भाडामा उपलव्ध गराउन सकिने कति दररेट सहित यस कार्यालयमा निवेदन साथ आवश्यक कागजातहरू पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

व्यक्ति तथा फर्मले पेस गर्नुपर्ने कागजातहरू:

१. व्यक्तिको हकमा

- नेपाली नागरिकताको प्रतिलिपि ।
- सवारी चालक अनुमतिपत्रको प्रतिलिपि (नवीकरण भएको) ।
- सवारी साधनको ब्लुबुकको प्रतिलिपि (नवीकरण भएको) ।
- सवारी साधनको तेश्रोपक्ष विमाको प्रमाणित कागजातको प्रतिलिपि ।
- कार्यालयमा नियमानुसार सूचीकृत भएको हुनुपर्ने ।

२. कम्पनी वा फर्मको हकमा

- फर्म वा कम्पनी दर्ता, नवीकरण सम्वन्धी कागजातहरूको प्रमाणित प्रतिलिपी १-१ प्रति ।
- कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
- सवारी चालकको चालक अनुमतिपत्रको प्रतिलिपि (नवीकरण भएको)।
- सवारी साधनको ब्लुबुकको प्रतिलिपि (नवीकरण भएको)।
- सवारी साधनको तेश्रोपक्ष विमाको प्रमाणित कागजातको प्रतिलिपि।
- कार्यालयमा नियमानुसार सूचिकृत भएको हुनुपर्ने ।

३. सवारी साधन भाडामा लिने सम्बन्धी शर्तहरु

- सवारी साधन २०८२।१२।०१ देखी २०८३ जेठ मसान्त सम्म उपलव्ध गराउनु पर्ने छ।
- चालू अवस्थामा रहेको, कच्ची वाटोमा जान सक्ने जिप (Double Cab Pickup) गाडी हुनुपर्ने ।
- गाडीको ड्युटी स्टेसन विजुवार सव-डिभिजन वन कार्यालय, विजुवार प्यूठान मा रहनेछ।
- सवारी धनीले सवारी साधन उपलव्ध गराउँदा छुट्टै सुविधा दावी नगर्ने गरि अनुमति प्राप्त अनुभवी सवारी चालक कार्यालयले खटाएको वेला र स्थानमा खटिने गरि उपलव्ध गराउनु पर्नेछ।
- सवारी साधनको ब्लुबुक नवीकरण भएको हुनुपर्ने ।
- खपत हुने इन्धन कार्यालयले उपलव्ध गराईनेछ ।

डिभिजन वन कार्यालय, प्यूठान